**चिचिला गाउँपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः १ मितिः २०८०/०१/०३

**भाग - १**

## चिचिला गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालयको सूचना
## शिक्षा ऐन, २०८०

चिचिला गाउँपालिका

नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम चिचिला गाउँसभाले बनाएको शिक्षा ऐन २०८० सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

शिक्षाको जग बलियो बनाउदै गुणस्तर शिक्षाको माध्यमबाट स्थानीय तहको बिकास तथा राष्ट्र निर्माणको गतिलाई अगाडि बढाउनका निम्ति सक्षम एवं प्रतिस्पर्धि जनशक्ति तयार गर्न र विद्यालय शिक्षा बाहिर रहेका बालबालिकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट सबल बनाउन नेपालको संविधान २०७२ को अनुसूचि ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११,खण्ड "ज" मा स्थानीय तहका निम्ति प्रदत्त अधिकारहरुको कार्यान्वयन गर्न वान्छनीय भएकाले, नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि चिचिला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम,विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "चिचिला गाउँपालिका शिक्षा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन चिचिला गाउँपालिका भरि लागू हुने छ।

(३) यो ऐन चिचिला स्थानीय सरकारले स्थानीय राजपत्रमा प्रकाशन गरी पालिका भित्र प्रारम्भ हुनेछ।

**२.परिभाषा** : बिषय वा प्रसङ्गले अर्थ नलागेमा यस ऐनमा,-

(क) ‘‘पूर्व प्राथमिक विद्यालय’’ भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको पूर्व प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) ‘‘प्राथमिक शिक्षा’’ भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ

(ग) ‘‘आधारभूत शिक्षा’’ भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) ‘‘माध्यमिक शिक्षा’’ भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ। ।

(ङ) ‘‘विशेष शिक्षा’’ भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्ग, सुस्त श्रवण वा अति शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित दिइने शिक्षा सम्झनु पर्छ।

(च) ‘‘समावेशि शिक्षा’’ भन्नाले देहायको शिक्षा दिइने सम्झनु पर्छ: -

(१) दृष्टिविहीन, न्युन दृष्टियुक्त, बहिरा, अटिज्म, सुस्त श्रवण, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा सम्झनु पर्छ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दृष्टिविहीन,

बहिरा, अटिज्म, बौद्धिक अपाङ्ग, सुस्त श्रवण वा अति शारीरिक अपाङ्ग भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ। ।

(ज) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ट) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ग) बमोजिम कक्षा बालदेखि तीन सम्म वा पाँच र आठ सम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

(ठ) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख), (ग) र (घ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा २१ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र

त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ण) ‘‘कर्मचारी’’ भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(त) ‘‘माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा’’ (स्कुल एजुकेशन इक्ज्यामिनेशन) भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(थ) ‘‘आधारभूत शिक्षा उत्तीर्ण परीक्षा’’ भन्नाले आधारभूत शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(द) “शाखा” भन्नाले चिचिला गाउँपालिकाको मातहतमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(ध) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेका नियम वा विनियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(न) “अनुमति” [i]भन्नाले सरकारले स्थायि स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकारको मापदण्डलाई आधार मानी स्थानीय सरकार समेतले दिएको स्थायी स्वीकृतिलाई जनाउछ ।

चिचिला गाउँपालिका

(फ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार र स्थानीय सरकारबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउछ।

(ब) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालनको लागि नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनु पर्छ ।

(भ) "मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(म) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशि मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटि इमिग्रेन्ट भिसा (डि. भी), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनमति समेत जनाउँछ।

## परिच्छैद-२

## अनुमति सम्बन्धमा

**३.<u>विद्यालय खोल्न अनुमति लिनु पर्ने</u>** : (१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तरगत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँ शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँकार्यपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र

जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन विद्यालय नक्सांकनको आधारमा मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त पालना गरको देखिएमा गाउँकार्यपालिका वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरि शैक्षिक गुठी अन्तरगर विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निबेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निबेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निबेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सन्चालन गर्न स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठिको रुपमा संचालन गर्न पाउने गरि अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएको विद्यालय,

(७) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि आफ्नै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति गाउँकार्यपालिकाले दिनेछ।

(७क) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि शैक्षिक गुठी अन्तरगत विद्यालय सन्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः-

क) शैक्षिक गुठि सन्चालन गर्ने गुठी सन्चालक(ट्रष्टी) संगठित संस्थाको रुपमा हुनपर्ने,

ख) गुठी संचालन गर्दा संचालक बोर्डमा सार्वजनिक गुठी भए कम्तिमा ५ जना र निजि गुठी भएमा कम्तिमा ३ जना सदस्य हुनु पर्ने,

ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरि मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ,

घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सन्चालक(ट्रष्टी)ले आफ्नो जीवनकालमै वा शेषपछि

गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने,

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा सम्बन्धित मन्त्रालय र कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

(७ख) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय संचालन गर्न चाहेमा गाउँकार्यपालिकाको स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय संचालन गर्न सक्नेछ।

(७ग) उपदफा (७ख) बमोजिम संचालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशि शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

तर बिदेशि शिक्षण संस्थासँग सम्बन्धन गरि विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयको स्वीकृति र अनुमति लिई विद्यालय संचालन गर्न पालिका सँग सम्झौता गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय संचालन नगरेमा मन्त्रालयको सिफारिसमा पालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ,

(१०) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।

## परिच्छेद- ३

## विद्यालय संचलान

४. **विद्यालयको संचालन** : विद्यालयको संचालन तोकिए बमोजिम हुनेछ।

(४क) नेपाल सरकार वा पालिकाको स्वीकृति विना विद्यालयको पठनपाठन साथै शैक्षिक क्रियाकलाप बन्द गर्न पाइनेछैन।

(४ख) पालिका भित्रका सबै विद्यालयहरुले वर्षभरिको आय व्यय(छात्रवृति अक्षयकोष समेत) साथै भौतिक र शैक्षिक विवरण अभिभावक भेला गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

## परिच्छेद-४

## कोष सम्बन्धमा

५. **विद्यालय कोष** : (१) विद्यालय संचालनका लागि कोष खडा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) संघ, प्रदेश सरकार र पालिकाबाट प्राप्त रकम,

(ख) अक्षयकोषको रुपमा प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) शुल्कबाट प्राप्त रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम,

(३) उपदफा (२) बमोजिमको कोषको संचालन विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम र नियमानुसार लेखापरीक्षण हुनेछ।

(४) उपदफा(३) बमोजिमको कोष संचालन गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य हुनेछ यदि निर्णय विना गर्नुपरेमा २ महिनाभित्र अनुमोदन गर्नुपर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षक अभिभावक संघको त्रैमासिक बैठक बोलाई कोषको संचालनको विषयमा छलफल गराउन अनिवार्य हुनेछ।

६.**विद्यालय विपद कोषः-** (१) विद्यालयमा विपद व्यवस्थापनका लागि विपद कोष खडा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषका लागि गाउँकार्यपालिकाको बिपद कोषबाट खर्च गर्न सकिनेछ ।

**७.विद्यालय छात्रवृति अक्षयकोष:-** (१) विद्यालयमा विद्यार्थी र विद्यालय कल्याणका लागि अभिभावक साथै अन्य दाताहरुबाट प्राप्त रकमबाट अक्षयकोष रहनेछ ।

(२) अक्षयकोषको संचालन र व्यवस्थापन विधान निर्माण गरि गरिनेछ र संरक्षणको दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको रहनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम नजिकैको आधिकारिक बैंकमा दाखिला गर्न अनिवार्य हुनेछ।

(४) उपदफा(१) र (३) बमोजिमको रकमको अभिलेख गाउँ शिक्षा समिति र सम्बन्धित वडा शिक्षा समितिमा अनिवार्य राख्नु पर्नेछ ।

**७(क).छात्रवृति वितरण र अभिलेख सम्बन्धि व्यवस्था:** (१) प्रत्येक विद्यालयमा छात्रवृति वितरणको निर्णय पुस्तिका तयार गरि अभिलेख राख्नुपर्नेछ।

(२) छात्रवृति वितरण कार्यको विद्यालय व्यवस्थापन समितिबाट अनिवार्य अनुमोदन गराउनु पर्नेछ।

चिचिला गाउँपालिका

## परिच्छेद – ५

## परीक्षा सञ्चालन

**८.परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्थाः**(१) माध्यमिक तहको अन्त्यमा हुने माध्यमिक शिक्षा परीक्षा प्रदेश र संघीय सरकारको मातहतबाट संचालन हुनेछ।

(२) माध्यमिक तह कक्षा १० को अन्तिम(ल्याकत) परीक्षाको संचालन तथा व्यवस्थापन गाउँपालिका स्तरीय हुनेछ।

(३) आधारभूत तह(कक्षा-८) को अन्तिम परीक्षाको संचालन तथा व्यवस्थापन पालिका स्तरीय परीक्षा समितिले गर्नेछ।अन्य कक्षाका परीक्षाहरु शिक्षा,युवा तथा खेलकुद शाखाको मातहतमा संचालन हुनेछ।

## परिच्छेद – ६

## माध्यमिक शिक्षाको प्रकार

**९.माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,



छिचिला गाउँपालिका

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा,

तर त्यस्तो शिक्षामा थप एक बर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराइनेछ।

**९क. विशेष शिक्षा , समावेशि शिक्षा , अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) मन्त्रालयले आवश्यक पूर्वाधारको व्यवस्था गरि कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर तथा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ।

(२) कुनै विद्यालयले उपदफा (१) बमोजिमको शिक्षा सञ्चालन गर्न चाहेमा मन्त्रालयको

स्वीकृतिमा गाउँकार्यपालिकाले सो सम्बन्धमा जाँचबुझ गरि विद्यालयलाई त्यस्तो शिक्षा दिन स्वीकृति दिनेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशि शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहीन, न्यून दृष्टिविहीन, पूर्ण दृष्टिविहीन,, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता, तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण

सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुल्ला शिक्षाको संचालन संघीय कानुनले तोके बमोजिम हुनेछ।

**१०. शिक्षाको माध्यम**: (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ: -

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपालीको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा बिषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी बिषय अध्यापन गराउदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ,

**११.शैक्षिक गुणस्तर परीक्षण**: पालिका भित्र शिक्षाको गुणस्तर परीक्षण गर्ने कामका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ।

चिचिला गाउँपालिका

## परिच्छेद – ७

## पाठ्यक्रम र पाठ्यपुस्तक

**१२.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्छ ।

**१२(क) विषयगत समिति रहनेः** (१) प्रत्येक विद्यालयमा पठनपाठन हुने विषयहरुको विषयगत समिति गठन हुनेछ।यस समितिको संयोजक उच्चतम कक्षामा अध्यापन गराउने शिक्षक रहने र अन्य कक्षामा अध्यापन गर्ने विषयका शिक्षकहरु सदस्य रहनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सम्बन्धित विषयको शिक्षण सिकाई क्रियाकलापमा आवश्यक पर्ने सामग्री विद्यालयको खरिद समितिमा माग गर्नेछ।

(३) खरिद समितिले उपदफा (२) बमोजिमको माग गरेमा विद्यालयमा निकासा हुने प्रति विद्यार्थी लागतको रकम विद्यालय व्यवस्थापन समितिमा निर्णय गराई व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद – ८

## गाउँ शिक्षा समिति

**१३.गाउँ शिक्षा समितिः** (१) गाउँपालिका क्षेत्र भित्र संचालन हुने विद्यालयको व्यवस्थापन,रेखदेख र समन्वय गर्ने कामको लागि पालिकामा एक गाउँ शिक्षा समिति रहनेछ यसको गठन तोकिए बमोजिम हुनेछ।

(2) गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापक र नेपाल शिक्षक महासंघका प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

**१३(क).गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकारः-** (१) समितिको काम,कर्तव्य र अधिकार_बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) विद्यालयहरुको अक्षयकोषको सुरक्षण गर्ने र विद्यालयहरुमा जङ्क फुड प्रयोगमा नियन्त्रण गर्ने,

(३) गाउँपालिकामा संचालन गरिने खेलकुद/अतिरिक्त क्रियाकलापहरुको संचालन र व्यवस्थापनमा सहयोग गर्ने,खेलाडीहरुको सम्मान,प्रशंसा र उपचारको व्यवस्था गर्ने,

थिथिला गाउँपालिका

## परिच्छेद – ९

## वडा शिक्षा समिति

**<u>१४.वडा शिक्षा समितिः</u>** (१)वडा भित्रका शैक्षिक विकास साथै विद्यालयहरुको संचालन रेखदेख र व्यबस्थापन गर्नका लागि प्रत्येक वडामा देहायका सदस्यहरु रहेको एक वडा शिक्षा समिति रहनेछः-

(क) वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्यहरु मध्येबाट एकजना - अध्यक्ष

(ख) वडा भित्रका बुद्धिजिवीहरु मध्येबाट वडा समितिबाट मनोनित एकजना - सदस्य

(ग) वडा भित्रका विद्यालय व्यबस्थापन समितिका अध्यक्ष वा सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना सदस्य- सदस्य

(घ) वडाभित्रका टोल विकास संस्थाका अध्यक्ष वा सदस्यहरु मध्येबाट एक जना महिला सहित २ जना- सदस्य

(ङ) वडा भित्र रहेका सामुदायिक विद्यालयहरु मध्ये उच्चतम विद्यालयका प्रधानाध्यापक- सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि ३ वर्षको रहनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको काम,कर्तब्य र अधिकार प्रचलित कानुनमा नबाझिने गरि समितिले नै तय गर्नेछ।

चिचिला गाउँपालिका

## परिच्छेद – ९

## सामुदायिक सिकाई केन्द्र संचालन

**१५.सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेः**- गाउँकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका समुदायमा साक्षरता सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र आवश्यकताको आधारमा सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद – १०

## अध्यापन अनुमति पत्र

**१६.अध्यापन अनुमति पत्र लिनुपर्नेः**-(१) यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेद्वार बन्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघिय दरबन्दि बाहेक शिक्षण सिकाई अनुदान र गाउँपालिकाले सिर्जना गरेका दरबन्दिको हकमा अंग्रेजी,गणित र विज्ञान बिषयका लागि २ पटक सम्म विज्ञापन गर्दा पनि अनुमति पत्र प्राप्त व्यक्ति नआएमा अनुमति पत्र नलिएका व्यक्ति पनि उम्मेद्वार बन्न सक्नेछन्।

## परिच्छेद – ११

## अनुदान र छात्रवृत्तीको व्यवस्था

**१७.अनुदान कटौति नगरिनेः-** यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौति गर्ने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयतलाई दिदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ।

**१८.छात्रवृतिको व्यवस्था गर्न सक्नेः**(१)स्थानीय सरकारले माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुबाट माध्यमिक शिक्षा उत्तीर्ण गरि विज्ञान/गणित वा विज्ञान बिषय लिई उच्च शिक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

**१९.शिशु बिकास केन्द्रलाई अनुदानः** गाउँपालिका भित्र खोलिएका प्रारम्भिक बाल शिक्षालाई अनुदान दिन सकिनेछ।

**२०.नमुना शिक्षण गराउन सकिनेः** गाउँपालिका भित्रका विद्यालयका उत्कृष्ट र नमुना शिक्षकलाई अन्य विद्यालयमा खटाई नमुना शिक्षण गराउन सकिनेछ।

## परिच्छेद – १२

## विद्यालय व्यवस्थापन समितिः

**२१.विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ।समितिको गठन,काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिका सदस्यहरु विद्यालय व्यवस्थापन समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपश्थित भएमा निजलाई स्वतः पदबाट खारेज गरिनेछ र सो पद बाँकी कार्यकालका लागि समितिबाट मनोनित गरि चयन गर्नेछ।

**२२.विद्यालय व्यवस्थापन समिति बिघटन गर्न सकिनेः**(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकेको जिम्मेवारी पुरा गर्न नसकेमा, सो को कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति बिघटन गर्न सक्नेछ।

तर त्यसरी बिघटन गर्नु अघि बिद्यालय व्यबस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम विद्यालय व्यबस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यबस्थापन समिति गठन नभएसम्म विद्यालय व्यबस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले अस्थायी विद्यालय व्यबस्थापन समिति गठन गर्न सक्नेछ।

**२३. शिक्षक अभिभावक संघ रहनेः** प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरु रहने गरि एक शिक्षक अभिभावक संघ रहनेछ र त्यसको गठन नियमानुसार हुनेछ।

**२३(क). शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकारः** (१) शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम हुनेछ।

(२) शिक्षक अभिभावक संघको बैठक कम्तिमा तीन महिनामा एक पटक अनिवार्य बस्नुपर्नेछ।

(३) शिक्षक अभिभावक संघले विद्यालयको आर्थिक,भौतिक र शैक्षिक पक्षको अनुगमन र नियन्त्रण गर्नेछ।

परिच्छेद – १३

## शिक्षा कोष र सम्पत्ती

**२४.गाउँ शिक्षा कोषः** (१)गाउँपालिका स्तरमा एउटा गाउँ शिक्षा कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन्

(क) संघीय,प्रदेश र स्थानीय सरकारबाट प्राप्त अनुदान

(ख) शिक्षा करबाट उठेको रकम

(ग) चन्दाबाट प्राप्तन रकम

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको संचालन गाउँ शिक्षा समितिले निर्णय गरि गर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण महालेखा परीक्षकको बिभागबाट हुनेछ।

**२५.गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँकार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति,वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु प्रत्येक समितिको कर्तव्य हुनेछ।

**२६.बिद्यालय सार्न,गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** गाउँ शिक्षा समितिको राय लिई संचालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरि संचालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

**२७.विद्यालयको सम्पतिः**(१)सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ , यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएका वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरि प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ र जग्गाको हकमा लिजमा लगाउन सकिनेछ र सो वापतको रकम गाउँ कोषमा रहनेछ।

(२) शैक्षिक गुठि अन्तरगत संचालित संस्थागत विद्यालयको सम्पति सोहि विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्बजनिक शैक्षिक गुठीको रुपमा संचालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति

सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परिवर्तन गर्न पाइनेछैन ।

(२क) उपदफा(२) मा जुनसुकै कुरो लेखिएको भएतापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका संचालकले आफ्नो लगानिको पुरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२ख) कुनै कारणले शैक्षिक गुठी अन्तरगत संचालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पति मध्ये सार्वजनिक गुठीको रुपमा संचालित विद्यालयको सम्पति सार्वजनिक सम्पति हुनेछ र त्यस्तो सम्पति स्थानीय सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तरगत संचालित विद्यालयको सम्पति उपदफा(२क) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी संचालक(ट्रष्टी) ले तोके बमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(२ग) उपदफा(२ख) बमोजिम निजी गुठी संचालकले सो सम्पति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका संचालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पति स्थानीय सरकारले कुनै सामुदायिक विद्यालय वा कुनै शैक्षिक संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

(३) कम्पनि अन्तरगत संचालित संस्थागत विद्यालयको सम्पति सोहि कम्पनिको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्था सँग दान दातब्यको रुपमा कुनै किसिमको चल अचल सम्पति प्राप्त गर्नु अघि सम्बन्धित गाउँ शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ।

तर विदेशि व्यक्ति वा संघ संस्था बाट त्यसरी चल अचल सम्पति प्राप्त गर्नु अघि नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा(४) बमोजिम प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाईनेछैन ।

**२७(क) खरिद समिति रहनेः** (१) विद्यालयलाई आवश्यक पर्ने सामग्रीहरु खरिद तथा व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा ३ सदस्यीय खरिद समिति रहनेछ र सो समितिमा लेखा सम्बन्धि काम गर्ने र प्रधानाध्यापक संयोजकको रुपमा रहनेछैन। तर एक मात्र दरवन्दि भएको विद्यालयमा यो कुरा लागु हुनेछैन ।

(२) उपदफा (१) बमोजिमको खरिद समिति विद्यालय व्यवस्थापन समितिले निर्णय गरि शिक्षक स्टाफ र कर्मचारी भित्रबाट गठन गर्नुपर्नेछ र हरेक सामग्री खरिद र व्यवस्थापन गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णयले अनुमोदन गर्नुपर्नेछ।

## परिच्छेद – १४

## छुट र सुविधा

**२८.विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा

चिचिला गाउँपालिका

संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

**२९.अनुमति वा स्वीकृति रद्ध गर्ने:** कुनै संस्थागत विद्यालयले दफा(३) को उपदफा (४) बमोजिमको म्याद भित्र विवरण नदिएमा वा यो ऐन वा यस ऐन अन्तरगत बनेको कार्यबिधि विपरित अन्य कुनै काम गरेमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्ध गर्नेछ।

तर त्यसरी अनुमति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद – १५

## विद्यालयको वर्गीकरण

**३०.विद्यालयको बर्गिकरण:** विद्यालयलाई संघीय ऐनले तोकेको आधारमा बर्गिकरण गरिनेछ।

**३१.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित



चिचिला गाउँपालिका

क्रियाकलाप हुन नदिने गरि विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३२.शुल्क सम्बन्धि व्यवस्था**ः(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि  सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान,उपहार,चन्दा वा सहयोग लिन सकिनेछ।

(१ख) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(१ग) दृष्टि विहिन बालबालिकालाई ब्रेल लिपि तथा बहिरा र स्वर र बोलाई सम्बन्धि अपाङगता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(२) उपदफा(१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थी सँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ । तर गरिबीको रेखामुनि रहेका दलित,जनजाति र महिला लगायत अन्य बिद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः त्यहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले बिद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(६) कुनै विद्यालयले यस ऐन बिपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन बिपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले २५ हजार सम्म जरिवाना गर्न सक्नेछ।

(८) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि विद्यालयले नियमित रुपमा संचालन गर्ने परीक्षा वापतको शुल्क,गयल जरिवाना शुल्क परीक्षा समिति र विद्यालय व्यबस्थापन समितिको निर्णय बमोजिम लिन सक्नेछ।

## परिच्छेद – १६

## नेपाल शिक्षक महासंघ,शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

**३३.नेपाल शिक्षक महासंघ,शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत

हक हितको सम्बन्धमा कार्य गर्न पालिका स्तरको नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ;-

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार १५ दिन भन्दा बढि समय विद्यालयमा अनुपस्थित रहेमा।

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरि आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै ब्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनितिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

**स्पष्टिकरणः-** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनितिक दलको विधान बमोजिम गठित केन्द्रिय स्तर,प्रदेश स्तर,जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्दछ ।

**३३(क).सचेत गराउने सम्बन्धमा**:- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई देहायको अवस्थामा ३ पटक सम्म सचेत गराउदा पनि नसुध्रिएमा दफा ३१ को उपदफा (२) को (क) बमोजिम प्रक्रिया अबलम्बन हुनेछ।

(क) विद्यालयमा समयमा नियमित उपस्थित नहुने,

(ख) कक्षाकोठामा पिरियडको पुरै समय क्रियाकलापमा सक्रिय नहुने,

(ग) तोकिएको पोशाक नलगाउने वा चप्पलमा विद्यालय प्रवेश गर्ने वा अशोभनिय ढंगले विद्यालयमा प्रवेश गर्ने,

(घ) विद्यालयको कर्मचारी वा शिक्षक बैठकले विभिन्न क्रियाकलापका लागि बाँडफाँड गरेको जिम्मेवारी पुरा नगर्ने,

(ङ) समाजमा सामजिक प्रतिष्ठामा आँच आउने खालका क्रियाकलाप गर्ने,

(च) स्टाफमा वेमेल ल्याई वातावरणमा खलल पुऱ्याएमा,

(छ) विद्यालय प्रशासनले तोकेको जिम्मेवारी अटेर गरि पालना नगरेमा,

**३४.शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** (१) गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको काम गर्दा शैक्षिक सत्रको शुरुमा विद्यार्थी संख्या कम भएको विद्यालयको शिक्षक अन्य विद्यालयमा कामकाजको लागि खटाइनेछ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरि राष्ट्रिय जनगणना,निर्वाचन सम्बन्धि काम,प्राकृतिक प्रकोप उद्धार वा स्थानीय वा नेपाल सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३७.प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः**(१) विद्यालयमा प्रधानाध्यापकको पदावधि ५ बर्षको हुनेछ तर व्यवस्थापन समितिको निर्णयले पुनः एक पदावधि थप गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम पदावधि पुगेको बखत योग्यता पुगेका शिक्षकलाई प्रधानाध्यापक बनाईनेछ यदि योग्यता पुगेका शिक्षक प्रधानाध्यापक बन्न नचाहेमा निजलाई अर्को विद्यालयमा सरुवा गरि अन्य व्यवस्था गरिनेछ।

**३८. शिक्षक नियुक्ति र पदस्थापनः** (१) शिक्षक नियुक्ति र पदस्थापन संघीय कानुन बमोजिम हुनेछ।

(२) गाउँपालिका भित्र रिक्त भएका राहत दरवन्दिमा गाउँपालिका भित्रै करारमा कार्यरत मध्ये जेष्ठ नियुक्ति लिएका शिक्षकलाई सो पदमा विषय र तह मिल्ने गरि पदस्थापन गर्न सकिनेछ।

तर विद्यालयले आवश्यकताका आधारमा राख्न नचाहेमा यो उपदफा लागु हुनेछैन र संघीय कानुन बमोजिम हुनेछ।

त्रिवेणी गाउँपालिका

**३९.अदालतको आदेशबाट पुनः बहालि हुन सक्नेः-** (१) विभागिय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहालि हुनसक्नेछ।

(२) उपदफा (१) बमोजिम पुन बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पुरा तलब,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४०.शिक्षकको सरुवाः-** (१) सरुवा हुन चाहने शिक्षकले आफु कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) पालिकाभन्दा बाहिर सरुवा हुनका लागि संघीय कानुन बमोजिम हुनेछ तर नियुक्ति लिएको विद्यालयमा २ शैक्षिक सत्र पुरा नगर्ने शिक्षकलाई सरुवा सहमति दिइने छैन।

(३) दफा ३२ को उपदफा (२) बमोजिमको काम गर्दा दरबन्दि मिलानको क्रममा गाउँ शिक्षा समितिको निर्णय बमोजिम बाल सहजकर्ता, विद्यालय कर्मचारी र शिक्षकको सरुवा पालिका भित्रका विद्यालयहरुमा गर्न सकिनेछ ।

(४) वडा शिक्षा समिति र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले विषय विज्ञताका आधारमा पालिका भित्रका विद्यालयमा सरुवा गर्न सक्नेछ।

(५)शिक्षक तथा कर्मचारीहरुको आपसि असमझदारिका कारणबाट विद्यालय र विद्यालय प्रशासनमा बाधा पुगेको भनि वडा शिक्षा समिति र सम्बन्धित विद्यालय ब्यवस्थापन समितिको सिफारिस भइ आएमा गाउँ शिक्षा समितिले बिषय मिल्ने गरि पालिका भित्रका अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर कुनै पनि शिक्षक कर्मचारीहरुलाई व्यक्तिगत लान्छना र रीस ईवीका आधारमा सरुवा गरिने छैन साथै सरुवा गर्नु अगाडि सफाई पेश गर्ने मौका दिइनेछ।

**४१.संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनु पर्नेः**(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १०% मा नघट्ने गरि तोकिए बमोजिम बिपन्न,अपाङग,महिला,दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम छात्रवृतिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक,गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकहरुको प्रतिनिधि रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृतिका लागि विद्यार्थी छनौट गर्ने आधार समितिले तोके बमोजिम हुनेछ ।

**४२.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा (३५) मा उल्लेखित अवश्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवश्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अबधि निजको सेवामा गणाना हुने छैन ।

**४३.कर्मचारी सम्बन्धि व्यवस्थाः-(१)** सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरे बमोजिमको र गाउँपालिकाले सिर्जना गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा(१) बमोजिमका कर्मचारी नियुक्ति,सेवाको शर्त र सुविधा सम्बन्धि व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**४४.बालबालिकालाई निष्कासन गर्न,शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:-**(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन।

तर विद्यालयमा उदण्ड व्यवहार देखाउने,अनुशासनको दायरा भित्र नरहने वालबालिकालाई विद्यालय प्रशासनले सचेत गराउन सक्नेछ।

**४५.अभिभावकबाट विद्यालयमा मर्यादा राख्नु पर्ने:** (१) विद्यालयबाट निमन्त्रणा गरिएको बखत उपस्थित हुनुपर्ने,

(२) विद्यालय क्षेत्रमा मादक पदार्थ सेवन गरि प्रवेश गर्न,अस्लिल गालि गलौजका बोलि र अन्य असामाजिक व्यवहार गर्न नहुने।

**४६.अनुमति नलिई शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न नहुने:**(१)कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा वा पूर्व तयारि कक्षा वा विदेशि मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन।

(२) कसैले नेपालमा संचालित कुनै शैक्षिक कार्यक्रम विदेशि मुलुकमा संचालन गर्न चाहेमा विदेश स्थित नेपाली कुटनितिक नियोगको सिफारिस सहित मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरि निवेदकलाई शर्त तोकि त्यस्तो शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी

मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिने सम्बन्धि व्यबस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १७

## लेखापरीक्षण

**४७. विद्यालयको लेखापरीक्षण गर्नुपर्नेः** (१)विद्यालयहरुले प्रत्येक अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण गरि चैत्र मसान्तभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) लेखापरीक्षकको पारिश्रमिक गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**४८. प्रगति विवरण बुझाउनु पर्नेः** (१) संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति विवरण गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

(२) सामुदायिक विद्यालयहरुले प्रत्येक त्रैमासिक रुपमा प्रगति विवरण गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

## परिच्छेद – १८

## दण्ड सजाय र पुरस्कार

**४९. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पति हिना मिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय कानुनले तोकेको मुद्धा हेर्ने अधिकारीले विगो असुल गरि विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा,गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरि एक लाख सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछः

(क) प्रश्न पत्रको गोपनियता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवार पुर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न  गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान,उपहार वा कुनै रकम लिएमा।

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम,शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संचालन गरेमा,

(२क) उपदफा (१) र (२) बमोजिमको  कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा दायर भएको मितिदेखि मुद्धाको टुङ्गो नलागेसम्म निलम्वन हुनेछ सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार

ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागिय सजाय गरिनेछ।

(३) उपदफा (१) र (२) मा लेखिए देखी बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेका वा संघीय ऐन अन्तरगत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमसजाय गर्न सक्नेछः

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागिय सजाय गर्ने,

(ख) विद्यार्थिलाई विद्यालय वा छात्रवास वा परीक्षाबाट निस्कासन गर्ने,

(ग) कसुरको मात्रा हेरि एक हजार रुपैंया देखि पच्चिस हजार रुपैंयासम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी अनुदान घटाउने,रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्ने,

**५०.सम्मान र पुरस्कारः** (१) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले विद्यालयको क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने अभिभावक,शिक्षक र कर्मचारीलाई सम्मान र पुरस्कृत गर्न सक्नेछ।

(२) संस्थापक,अक्षयकोष दाता,जग्गादाता,चन्दादाता,आर्थिक र भौतिक सहयोग गर्ने अभिभावकहरु सम्मानित हुनेछन्।

(३) शिक्षक कर्मचारीहरुले देहायका कार्यमा सम्मानित पुरस्कृत हुनेछन्

(क) विद्यालयले तोकेको जिम्मेवारी पुरा गरेमा,

(ख) विषयगत शैक्षिक उपलब्धि उल्लेखनीय रुपमा हासिल गराएमा,

(ग) शिक्षण सिकाई क्रियाकलाप सँगै सामाजिक प्रतिष्ठा कमाउने कार्य गरेमा,

**स्पष्टिकरणः** सम्मान वा प्रशंसा पत्र वितरण गर्दा के कुरामा कति उपलब्धि रहयो,त्यसको औचित्य र पुष्ट्याई उल्लेख गरिएको हुनुपर्नेछ ।

## परिच्छेद १९
## बचाऊ र खारेजी

**५१. सम्पति सम्बन्धि मुद्धाको तहकिकात र दायरीः** संघीय शिक्षा ऐन,नियमावलीले तोके बमोजिम हुनेछ।

**५२.मुद्धा हेर्ने अधिकारीः** संघीय शिक्षा ऐन,नियमावलीले तोके बमोजिम हुनेछ।

**५३. पुनरावेदनः** संघीय शिक्षा ऐन,नियमावलीले तोके बमोजिम हुनेछ।

**५४. नियम बनाउने अधिकारः** यस ऐनको उद्धेश्य नेपाल सरकारको संविधानले अंगिकार गरेको अधिकारलाई समेत पालिका भित्र कार्यान्वयन गर्न चिचिला गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**५४(क). विनियम,निर्देशिका र कार्यविधि बनाउन सकिनेः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश र संघीय ऐन,नियमावली सँग नबाझिने गरि र संविधानले व्यवस्था गरेको स्थानीय सरकार संचालन ऐन

२०७४ को अधिकार क्षेत्रभित्र रहि विनियम,निर्देशिका र कार्यविधि बनाउन सकिनेछ ।

**५५. बाधा अड्काउ फुकाउ सम्बन्धमाः** यस ऐनको उद्धेश्य कार्यान्वित गर्न कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ राजपत्रमा सूचना प्रकाशन गरि हटाउन सक्नेछ।

**५६. बचाउ र खारेजीः** (१) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(१क) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रस्टाचार निवारण ऐन,२०५९ अन्तरगत कारबाहि चलाउन बाधा पर्नेछैन।

(१ख) यो ऐन निर्माण भएपनि २०७५ मा बनेको शिक्षा व्यवस्थापन कार्यविधि यसै ऐन बमोजिम बनेको मानिनेछ ।

(२) यो ऐन संघीय,प्रदेश कानुन सँग बाझिएको कुरा स्वतः खारेज हुनेछ।

आज्ञाले,

**प्रमाणीकरण मितिः**२०८०/०१/०३

शुक्रादेवी राई

प्रमुख प्रशासकीय अधिकृत

खिजिदेम्बा गाउँपालिका